(धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २८ गते बुधवार)

यस विकास बैंकको शाखा कार्यालय टाँडीबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्न बुझाउने सम्बन्धमा बैकसंग गरेको शर्त कबुलियत उल्लेखन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेश गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पुर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण
नरहरी न्यौपानेको नाति दुर्गा प्रसाद न्यौपानेको छोरा चितवन जिल्ला चैनपुर बडा नं. ८ हाल, खैरहनी न.पा. बडा नं. ४ बस्ने **कृष्ण प्रसाद न्यौपाने** (ना.प्र.नं. : ३५१०१५/१२२६ जारी मिति र जिल्ला :२०६८/०९/२२, चितवन)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) तुलसी प्रसादको नाति नरहरी न्यौपानेको छोरा दोलखा जिल्ला भिरकोट वडा नं. ५ हाल, चितवन जिल्ला खैर हनी न.पा. बडा नं. ४ बस्ने **दुर्गा प्रसाद न्यौपाने** (ना.प्र.नं. : ९२/३५४९ जारी मिति र जिल्ला : २०४६/०३/०९,दोलखा)
२) टिका प्रसाद घिमिरेको छोरी नरहरी न्यौपानेको बुहारी दुर्गा प्रसाद न्यौपानेको पत्नी दोलखा जिल्ला नाम्दु वडा नं. ७ हाल, चितवन जिल्ला खैरहनी न.पा. बडा नं. ४ बस्ने **चन्द्र कला घिमिरे** (ना.प्र.नं. : १२१६ जारी मिति र जिल्ला : २०४४/१०/२१, दोलखा)
३) भिम बहादुर घर्तीको छोरी दुर्गा प्रसाद न्यौपानेको बुहारी कृष्ण प्रसाद न्यौपानेको पत्नी चितवन जिल्ला खैरहनी वडा नं. ४ बस्ने **राधा जि.सी.(न्यौपाने)** (ना.प्र.नं. : ३५-०१-७२-०७६९७ जारी मिति र जिल्ला : २०७२/०८/०८,चितवन)
४) क्षेत्र बहादुर ढुङ्गेल नाति होम बहादुर ढुङ्गेलको छोरा चितवन जिल्ला चैनपुर वडा नं. ३ हाल, खैरहनी न.पा. वडा नं. ४ बस्ने **सरोज ढुङ्गेल** (ना.प्र.नं. : ०३९५४१ जारी मिति र जिल्ला : २०६५/०२/२८, चितवन)
५) चेतनाथ लामिछानेको छोरी होम बहादुर ढुङ्गेलको बुहारी सरोज ढुङ्गेलको पत्नी स्याङजा जिल्ला सेतीदो भान वडा नं. ३ हाल, चितवन जिल्ला खैरहनी न.पा. बडा नं. ४ बस्ने **गंगा लामिछाने** (ना.प्र.नं. : ४२-०१-७०-००६०० जारी मिति र जिल्ला : २०७०/०२/२०, स्याङजा)

यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :
मिति २०८२/०२/०५ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	क्ित्ता नं.	क्षेत्रफल (व.मि.)
			७२	३३८.६३
दुर्गा प्रसाद न्यौपाने	चितवन जिल्ला चैनपुर वडा नं. २	२ख	३८४	२,३७०.४१
			२६३	१,०१५.८९

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०५/१७ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय टाँडी आईपुगेन गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पुर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेस्वा बेस्वै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नामसा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/१८ गते बुधवार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय टाँडीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा शुल्क ईत्यादि बोलपत्रदातालै नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

२५ अर्बको...

बताए । 'कोष स्थापना भएपछि त्यसको सञ्चालनका लागि योग्य व्यक्ति विदेशबाट ल्याउन पनि सकिन्छ । यो एकपटकका लागि मात्र हो,' उनले भने ।

योसँगै विधेयकमा अर्थमन्त्री संयोजक तथा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र नेपाल राष्ट्र बैंकको गभर्नर सदस्य रहनेगरी कोषमा तीन सदस्यीय निर्देशक समितिसम्बन्धी व्यवस्था गरिने भएको छ । अर्थसचिवको अध्यक्षतामा सात सदस्यीय सञ्चालक समिति रहनेगरी विधेयक प्रस्ताव गरिएको भए पनि सञ्चालक समितिभन्दा माथि निर्देशक समिति रहनेगरी समितिले संशोधन गरेको छ । निर्देशक समितिको काम, कर्तव्य र अधिकार के हुने भन्नेबारे भने टुङ्गो लागेको छैन ।

वैकल्पिक विकास वित्त कोषबाट कृषि, वन पैदावार र खानी तथा खनिजजन्य क्षेत्रमा पनि लगानी गर्न सक्नेगरी व्यवस्था गरिएको छ । विधेयकअनुसार विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरङ्गमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिनेछ ।

यसैगरी, सहरी विकास पूर्वाधार निर्माण, केबुलकार, रज्जुमार्गलगायत संरचना निर्माण एवम् सञ्चालनका लागि यस्ता कोष परिचालन गरिने जनाइएको छ । निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक-निजी साझेदारीअन्तर्गतको राष्ट्रिय प्राथमकिता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्नेछ । यद्यपि, एक अर्बभन्दा कम लागतका परियोजनामा कोषबाट लगानी गर्न पाइने छैन । तत्काल प्रतिफल दिन नसक्ने परियोजना, ऋण वा जमानतबापत धितो दिन नसक्ने परियोजना, कोषले जारी गरेको ऋणपत्र वा डिवेञ्चर धितो वा जमानत राखी ऋण माग गर्ने परियोजना, कुनै प्राकृतिक व्यक्तिले कार्यान्वयन गर्ने परियोजनामा कोषले लगानी गर्ने छैन ।

मुलुकको समृद्धि, दिगो विकास तथा उत्पादकत्व वृद्धिका लागि अत्यावश्यक पूर्वाधार परियोजना कार्यान्वयन गर्न परम्परागत लगानीका अतिरिक्त वैकल्पिक वित्त परिचालन आवश्यक भएकाले सरकारले यो विधेयक ल्याएको हो । विधेयकअनुसार कोषको अधिकृत पुँजी एक खर्ब र चुक्ता पुँजी २५ अर्ब हुनेछ । रासस

कुलिङ...

दबाबलाई मैले मात्र होइन, राज्य व्यवस्था समिति र संसद्ले झेल्नु नै पर्‍यो । समितिकै सदस्यहरु सदनमा हुनुहुन्छ, उहाँहरूले पनि कुनै न कुनै रूपमा झमेला खेप्नुभएकै छ,' उनले भने, 'यो विधेयकमाथि विशिष्ट श्रेणीका कर्मचारीहरूको चलखेल हुँदा जसरी गहन अध्ययन हुनुपर्थ्यो, त्यसमा गहिरिएर आँखा नपुगेको म स्वीकार गर्छु । यो स्थायी सरकारमाथिको विश्वास थियो हाम्रो, विश्वास गर्नु मेरो अपराध होइन ।'

उनले विधेयकमा 'कुलिङ अफ पिरियड' राख्न अडान लिएको बताउँदै त्यसमा आफू अडिग रहेको बताए । 'कुलिङ अफ पिरियड जसरी पनि राख्नुपर्छ भनेर अडान लिएकै छु, हिजो पनि थिएँ, आज पनि छु र भोलि पनि रहने प्रतिबद्धता जाहेर गर्न चाहन्छु भन्दै सांसद खतिवडाले संसद्मार्फत् भने उक्त विधेयक पूरै प्राक्धानरुप छन् । एउटा प्रावधान बहुत विवादित बनाइयो । त्यो प्रावधान पारित गर्न निकै कठिन भएको हो', उनले भने, 'संवैधानिक अंग र अन्यमा नियुक्ति लिएका जेजस्ता प्रकृतिका विसंगति खेप्यो, त्यस्ता खराब क्रियाकलापलाई अन्य गर्नुपर्छ र 'कुलिङ अफ पिरियड' राख्नुपर्छ भनेर राज्य व्यवस्था समिति सुरूदेखि नै तयार रह्यो । सरकारले प्रस्तुत गरेको विधेयकमा उक्त प्रावधान थिएन ।'

उनले आफ्नो र राज्य व्यवस्था समितिको चाहना स्थायी सरकार मानिने कर्मचारीबाट भोलिको लोभमा कुनै पनि गलत सम्झौता नगरोस् भन्ने रहेको उल्लेख गरे । 'स्थायी सरकार भनेको कर्मचारी हो भन्ने भान हामीलाई थियो । स्थायी सरकार हामी हौं, प्रधानमन्त्री र मन्त्रीहरु त पाहुना हुन् भन्ने अवधारणाका रूपमा काम भएको हामीले देख्न पार्यौं' उनले थपे, 'कम्तीमा कानुनमार्फत शासकीय पद्धति सुधार गर्न सकिन्छ कि भन्ने ध्येयले 'कुलिङ अफ पिरियड' राख्नुपर्छ भन्ने मान्यतामा म आफू अडिग थिएँ र सम्पूर्ण राज्य व्यवस्था समिति त्यसमा अडिग भएर त्यो 'कुलिङ अफ पिरियड' पारित गरेर संसद्मा पठाइएको थियो ।'

साउन २० गते संसदीय विशेष छानबिन समितिका सभापति एवम् कांग्रेस सांसद जीवन परियारले उक्त प्रतिवेदन सभामुख घिमिरेलाई बुझाएलगत्तै सार्वजनिक गरिएको थियो । ४४ सांसद तथा कर्मचारीहरूलँग सोधपुछ गरेर तयार भएको उक्त प्रतिवेदनले कसैलाई पनि दोषी कारार गर्न सकेको थिएन ।

विशेष समितिले तयार पारेको प्रतिवेदनले निजामती र सरकारी कर्मचारीले अवकाश वा राजीनामापछिको दुई वर्षसम्म संवैधानिक, कूटनीतिक र सरकारीलगायतका नियुक्ति नपाउने संघीय निजामती सेवासम्बन्धी विधेयकको व्यवस्था खण्डित हुने प्रावधान कसरी राखियो, कसले राख्यो ? भनेर दोषी किटानी र कारबाहीको माग गरेको थिएन । उक्त प्रावधान राखेकोमा नैतिक जिम्मेवारी भने सभापति खतिवडाले लिनुपर्ने निष्कर्ष मात्र निकालेर प्रतिवेदन सार्वजनिक गरिएको थियो । समितिले उक्त घटनामा तीन वटा निष्कर्ष र ११ वटा सुझाव दिएको छ ।

१० वटा...

करोड ७४ लाख ८७ हजार रूपैयाँ रहेको थियो भने निष्क्रिय कर्जाको अनुपात नौ दशमलव २४ प्रतिशत रहेको थियो ।

अपरिष्कृत वित्तीय विवरणअनुसार गत आवको चौथो त्रैमासमा तीन अर्ब ३९ करोड ५२ लाख ८५ हजार रूपैयाँ खुद नाफा कमाएको सिद्धार्थ बैंकमा दुई दशमलव ६२ प्रतिशत कर्जा निष्क्रिय रहेको छ । अघिल्लो आवको सोही अवधिमा तीन अर्ब आठ करोड २८ हजार रूपैयाँ खुद नाफा कमाएकोमा सिद्धार्थमा दुई दशमलव १७ प्रतिशत कर्जा निष्क्रिय देखिएको थियो ।

गत आवको तेस्रो त्रैमासमा एनएमबी र सानिमाले क्रमशः तीन अर्ब २८ करोड १७ लाख ९२ हजार र दुई अर्ब ५७ करोड ११ लाख ५५ हजार रूपैयाँ खुद नाफा कमाउँदा क्रमशः तीन दशमलव ७२ र तीन दशमलव शून्य एक प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । अघिल्लो आवको सोही अवधिमा यी दुई बैंकहरूले क्रमशः दुई अर्ब २४ करोड ४३ लाख ९५ हजार र दुई अर्ब ३९ करोड ७४ लाख ४३ हजार रूपैयाँ खुद नाफा कमाउँदा क्रमशः तीन दशमलव ४० र एक दशमलव ७२ प्रतिशत कर्जा निष्क्रिय देखिएको थियो । कुमारी बैंकले पनि गत आवको चौथो त्रैमासमा दुई अर्ब ११ करोड ६४ लाख नौ हजार रूपैयाँ खुद नाफा कमाउँदा छ दशमलव ४२ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । अघिल्लो आवको सोही अवधिमा ४६ लाख आठ हजार रूपैयाँ मात्र खुद नाफा कमाएको कुमारीमा पाँच दशमलव ९६ प्रतिशत कर्जा निष्क्रिय रहेको थियो ।

गत आवको चौथो त्रैमासिक अवधिमा माछापुच्छ्रे बैंकले दुई अर्ब एक करोड ५४ लाख ६१ हजार रूपैयाँ खुद नाफा कमाउँदा तीन दशमलव ८३ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । अघिल्लो आवको सोही अवधिमा बैंकको यस्तो नाफा एक अर्ब चार करोड ५१ लाख ९९ हजार रूपैयाँ रहेको थियो भने निष्क्रिय कर्जाको अनुपात तीन दशमलव ८६ प्रतिशत रहेको थियो । हिमालयन बैंकले पनि गत आवको चौथो त्रैमासमा एक अर्ब ५१ करोड २५ लाख ३२ हजार रूपैयाँ खुद नाफा कमाउँदा सात दशमलव २८ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । अघिल्लो आवको सोही अवधिमा एक अर्ब २३ करोड ८३ लाख तीन हजार रूपैयाँ खुद नाफा कमाएकोमा हिमालयनमा चार दशमलव ९८ प्रतिशत कर्जा निष्क्रिय देखिएको थियो ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले भने गत आवको चौथो त्रैमासमा एक अर्ब २९ करोड ३३ लाख २१ हजार रूपैयाँ खुद नाफा कमाउँदा चार दशमलव ९४ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । अघिल्लो आवको सोही अवधिमा सिटिजन्स बैंकको खुद नाफा एक अर्ब ३२ करोड सात लाख ३१ हजार रूपैयाँ रहेको थियो भने निष्क्रिय कर्जाको अनुपात चार दशमलव १० प्रतिशत रहेको थियो ।

प्रधानमन्त्री...

गराउन नयाँ ढाँचासहितको ठोस योजना ल्याउन, कम्पोस्ट र अर्गानिक मलको उत्पादन र प्रयोगका लागि राष्ट्रिय अभियान सञ्चालन तथा यसमा अनुदान नीतिको प्रस्ताव ल्याउन र माटोको उर्वरता बचाउने खालको रासायनिक मल कारखाना नेपालमै खोल्न अध्ययनको खाका ल्याउन निर्देशन दिएको छलफलमा सहभागी उद्योगमन्त्री भण्डारीले जानकारी दिए ।

सेयरबजारमा...

जनाएको छ । यस दिन वाणिज्य बैंक १३ दशमलव ९६, विकास बैंक ४४ दशमलव ६४, फाइनान्स ३९ दशमलव ३२, जलविद्युत् ४६ दशमलव ३०, जीवन बीमा एक सय ४१ दशमलव २७, निर्जीवन बीमा एक सय दुई दशमलव ८८ अंकले घटेको नेप्सेले जनाएको छ ।

यीबाहेक लगानी, उत्पादनमूलक, लघुवित्त, सामूहिक लगानी कोष, अन्य र व्यापार उपसमूहको सूचक पनि क्रमशः शून्य दशमलव ७४, ७६ दशमलव ८३, ७९ दशमलव ६४, शून्य दशमलव शून्य पाँच, १६ दशमलव ५४ र ३६ दशमलव ७५ अंकले ओरालो लागेका छन् । मंगलबार सिटी होटल लिमिटेडका सेयरधनीले सबैभन्दा बढी कमाउँदा सिक्लेस हाइड्रोपावर कम्पनीका सेयरधनीले सबैभन्दा धेरै गुमाए । सर्वाधिक कारोबारमा भने नेपाल पुनर्बीमा कम्पनी अगाडि रह्यो ।

Find us on : facebook/ aarthikdainik

मोटरसाइकल हरायो

मिति २०८२/०४/२२ गते का.जि.का.म.पा. वडा नं. ६ बौद्ध महामन्त्रधी मार्गबाट वेलुका २०:५८ बजे सडक किनारमा पार्किङ गरिरहेको अवस्थामा बा.पृ. ०२-०५६ प ९२४१ नं. को २२०८८ को काली राती रंगको Pulsar ABS मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।
नाम : थक्र बहादुर तामाङ
ठेगानाः चौरी देउराली गा.पा. ०१, काभ्रे
सम्पर्क नं.: ९८४९३६२२२
इन्जिन नं.: DKXCSM11559
च्यासिस नं.: MD2A13EX65CM81117

बीमालेख हरायो

मेरो निम्न व्यहोराको बिमालेख पोखरा बाट काठमाडौं जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।
नाम : पूर्ण कुमारी गुरुङ
बिमालेख नं. ३०४००००००८७०
ठेगाना : फिरफिरे बडा नं. २, तनहुँ
मो.नं. ९८०६७०५४०८

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/०१/१७ गते दर्ता भएको प्रा.लि.नं.३११८४० को **एडेन फुनेरल सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०९ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार बिल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२१७, फ्याक्स : ९७७-१-४७९२१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

आन्तरिक सजावट तथा अन्य सम्पतिहरू (Leasehold & Other Assets) बिक्रि गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०९
पुनः प्रकाशित मितिः २०८२/०४/२८

यस मञ्जुश्री फाईनान्स लिमिटेडको काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १० नयाँबानेश्वर स्थित केन्द्रीय कार्यालयको स्थानान्तरण हुने भई उक्त केन्द्रीय कार्यालयको चौथो तल्लामा रहे भएको आन्तरिक सजावट तथा अन्य सम्पत्ति (Leasehold & Other Assets) हरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्रि गर्नु पर्ने भएकोले उक्त सामानहरु खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संघ वा संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र के/कति मुल्यमा खरिद गर्न वा एस्ट रुपमा उल्लेख गरि वित्तीय संस्थाको सामान्य सेवा विभाग नयाँबानेश्वर काठमाण्डौमा सम्पर्क गरि मिति २०८२ भाद्र ३ गते भित्र रीत पूर्वकको गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू:

१. बोलपत्र फाराम रु. २,०००/- (अक्षरेपी दुई हजार रुपैया मात्र) मा पछि फिर्ता नहुने गरी मिति २०८२ भाद्र ३ गते दिनको १२:०० बजे भित्रमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर-१० स्थित कार्यालयको सामान्य सेवा विभागबाट खरिद गर्न सकिनेछ ।
२. खरिद भएको बोलपत्र भरी मिति २०८२ भाद्र ३ गते कार्यालय समय यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर-१० स्थित कार्यालयमा शिलबन्दी गरि पेश गर्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा परेमा उक्त शिलबन्दी बिदा पछि लगतै कार्यालय खुलेको दिन पेश गर्नु पर्नेछ ।
३. प्राप्त भएका शिलबन्दी बोलपत्रहरु २०८२ भाद्र ४ गते बुधवार दिनको ३:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर-१० स्थित कार्यालयमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा उक्त बिदाको लगतै पछि कार्यालय खुलेको दिन दिनको ३:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा खोलिनेछ । तर, शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि शिलबन्दी बोलपत्रहरु खोल्न बाधा पर्ने छैन ।
४. उपरोक्त बमोजिम शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगतै पछि कार्यालय खुलेको दिनको कार्यालय समय सम्म शिलबन्दी बोलपत्र पेश गर्न सकिने भएको हुँदा सो अवस्था श्रृजना भएमा शिलबन्दी बोलपत्र पेश भएको दिनको भोलिपल्ट कार्यालय खुलेको दिनको ३:०० बजे शिलबन्दी बोलपत्र खोलिने छ ।
५. बोलपत्र फारमका साथ आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने रकम यस संस्थामा नगदै जम्मा गरी जम्मा गरेको भौचरको सक्कल प्रति वा सो बराबर रकमको बैंक जमानत (Bid-Bond) शिलबन्दी बोलपत्र फाराम संगै पेश गर्नु पर्नेछ ।
६. प्राप्त बोलपत्र पूर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ ।
७. बोलपत्र सम्बन्धी सम्पुर्ण शर्त तथा जानकारी बोलपत्र फाराममा उपलब्ध गरिने छ ।
८. आवेदन साथ पेश गर्नु पर्ने प्रमाणित कागजात प्रतिलिपिहरु व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्र र फर्म, संघ वा संस्थाहरुको हकमा दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्र ।
९. केन्द्रीय कार्यालयको चौथो तल्लामा रहेको आन्तरिक सजावट तथा अन्य सम्पत्ति (Leasehold & Other Assets) हरु को निरिक्षण गर्ने चाहने व्यक्ति, फर्म, संघ वा संस्थाहरुले वित्तीय संस्थाको सामान्य सेवा विभाग नयाँबानेश्वर काठमाण्डौमा सम्पर्क गरी निरिक्षण गर्न सक्नु हुनेछ ।
१०. केन्द्रीय कार्यालयको चौथो तल्लामा रहेको आन्तरिक सजावट तथा अन्य सम्पत्ति (Leasehold & Other Assets) हरुबाट लैजान मिल्ने सामानहरुको विबरण प्राप्त गर्न चाहने व्यक्ति, फर्म, संघ वा संस्थाहरुले वित्तीय संस्थाको सामान्य सेवा विभाग नयाँबानेश्वर काठमाण्डौबाट प्राप्त गर्न सक्नु हुनेछ ।
११. अन्य शर्तहरु तोके बमोजिम हुनेछ ।

Invitation for Bids

RATNANAGAR MUNICIPALTY

Office of Municipal Executive

Invitation for Bids No: RAT/CHITWAN/works/NCB/01/2082-083
Date of publication: 2082/04/28 (13th August, 2025)

1. ***Ratnanagar Municipality*** invites electronic bids from Nepalese eligible bidders for the ***Construction of Covered Hall, Ward-04 & Ward-12*** under National Competitive Bidding procedures. The estimated amount for the works is **NRs. 58,58,550.11 (Fifty-Eight Lakh Fifty-Eight Thousand Five Hundred Fifty Rupees Eleven Paisa only) (without VAT and contengencies and including PS)**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Ratnanagar Municipality, Chitwan, Nepal. Tel No:056-560529, Email: info@ratnanagarmun.gov.np*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank
   Name of Office: Ratnanagar Municipality, Office of Municipal Executive
   Office Account no.: RATNANAGAR NA.PA. (GA-1-1)-AANTARIK
   Rajaswa (revenue) Shirshak :1830100301010003
   Cost Of Bidding Document: NRs. 3000.00 (Three Thousand Rupees)
4. Electronic bids must be submitted to the office ***Ratnanagar Municpality*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***2082/05/27 (12th September, 2025).*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 2082/05/27 (12th September, 2025)*** at the office of ***Ratnanagar Municipality, Chitwan, Nepal***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, \amounting to a minimum of **NRs.1,47,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid ***i.e.,2082/09/25 (9th January, 2026).***
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.